मुख्यमन्त्री

गण्डकी प्रदेश सरकार
पोखरा, नेपाल

प.सं.:
च.नं.:

## अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको उपलक्ष्यमा हार्दिक शुभकामना !

११३ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस ८ मार्च, २०२३ (फागुन २४, २०७९) को शुभ अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण आमाबुवा, दिदीबहिनी तथा दाजुभाईहरूलाई हार्दिक बधाई दिंदै सुख, शान्ति र संमृद्धिको कामना गर्दछु ।

**Digit All Innovation & Technology for Gender Equality** भन्ने अन्तर्राष्ट्रिय नारा एवं **लैङ्गिक समानताको बलियो आधार : सृजनात्मक प्रविधिमा महिला पहुँचको विस्तार** भन्ने राष्ट्रिय संकल्पका साथ हामी यस वर्षको अन्तर्राष्ट्रिय महिला दिवस मनाईरहेका छौं । आजको दिनले सामाजिक न्याय र लैङ्गिक समानताका लागि अविरल संघर्ष गर्दै राज्यका हरेक निकायमा लैगिक मूलप्रवाहीकरण गर्न, महिलाहरुको हकको सम्मान, संरक्षण र प्रबर्द्धनप्रति पूर्ण संवेदनशील हुन एवं राज्यको मूल नीतिमा लैगिक समानता प्रतिविम्वित गर्न योगदान गर्नुहुने सम्पूर्ण अधिकारकर्मी, दिदीबहिनी लगायत हामी सम्पूर्णमा थप उत्साह प्रदान गरेको छ ।

नेपालको संविधानको धारा ३८ ले **महिलाको हकलाई मौलिक हकको रूपमा स्वीकार गर्दै समान वंशीय हक, प्रजनन स्वास्थ्य एवं सुरक्षित मातृत्व, सबै प्रकारको हिंसा बिरूद्धको हक, सम्पति र सहभागिताको हक सुनिश्चित गरेको छ** । त्यसैगरी धारा ४२ मा सामाजिकरुपले पछाडि परेका महिला, दलित, आदिवासी, जनजाति, मधेसी, थारु, अल्पसंख्यक, अपांगता भएका व्यक्ति, सिमान्तीकृत, मुस्लिम, पिछडावर्ग, लैगिक तथा यौनिक अल्पसंख्यक, युवा, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका सामाजिक तथा आर्थिकरुपले विपन्न खस आर्यलाई समानुपातिक समावेसी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक प्रदान गरेको छ ।

गण्डकी प्रदेश सरकारबाट लैङ्गिक समानता तथा महिला सशक्तिकरण, लैङ्गिक मूलप्रवाहिकरण तथा सामाजिक समावेशिकरणको नीतिलाई कार्यरुपमा रुपान्तरण गर्न नीतिगत, संस्थागत, कार्यविधिगत र संरचनागत पक्षहरुलाई विशेष ध्यान दिएको छ । यसैगरी प्रदेश र स्थानीय तहलाई लैगिक मूलप्रवाहमा एकिकृत गर्न लैगिक समानता तथा सामाजिक समावेशीकरण निर्देशिका, लैगिक तथा सामाजिक समावेशीकरण रणनीति एवं लैगिक परीक्षणजस्ता कार्यहरु मूर्तरुपमा अगाढी बढेका छन् । प्रदेश मन्त्रालयको लैगिक समानता तथा सामाजिक समावेशीकरण स्वमूल्याङ्कन सम्पन्न भएको छ, यसबाट प्राप्त भएका तथ्य एवं सिकाईले आगामी दिनमा प्रदेश सरकारलाई थप लैगिक उत्तरदायी बन्ने प्रेरणा प्रदान गरेको छ ।

प्रदेश सरकारले विकासका हरेक चरणमा लैङ्गिक संवेदनशिलता, क्षेत्रगत नीति, योजना तथा कार्यक्रममा लैङ्गिक मूलप्रवाहिकरण लगायत लैङ्गिक उत्तरदायी बजेटको माध्यमबाट लैङ्गिक समता र

समानता प्रवर्द्धनका साथै लैङ्गिक हिंसा विरुद्ध शून्य सहनशिलताको नीति अबलम्बन गरी कार्य गर्दैआएको छ । नेपालको संविधानले अंगिकार गरेको सिद्धान्त वमोजिम राजनैतिक, आर्थिक, सामाजिक तथा प्रशासनिक क्षेत्रमा महिलाको सहभागिता सुनिश्चित गरिएको सन्दर्भमा गण्डकी प्रदेश सरकारले यसलाई अझ अर्थपूर्ण बनाउन सम्पूर्ण सरोकारवालाहरुको सिर्जनशील सहभागिता र सार्थक सहकार्यको अपेक्षा गरेको छ ।

अन्तमा, आजको यस पुनित अवसरमा गण्डकी प्रदेश सरकार महिला हक अधिकार प्राप्ति, लैङ्गिक समानता प्रवर्द्धन गर्ने सन्दर्भमा संवेदनशील र प्रतिवद्ध रहेको व्यहोरा उल्लेख गर्दै **दुर्गम क्षेत्रका जोखिमपूर्ण अवस्थाका गर्भवती महिलाको हवाई उद्धार, पाठेघर तथा स्तन क्यान्सरको निःशुल्क उपचार, महिला तथा सोन्हवर्ष मुनिका बालबालिकाको क्यान्सर रोगको निशुल्क उपचार, हिंसाप्रभावित महिलाका लागि सीपविकास र स्वरोजगारमुलक कार्यक्रम, बालिका तथा किशोरीहरुको लागि सशक्तीकरण लगायतका जनसरोकारका कार्यक्रममा** प्रत्यक्षरूपमा जोडिएको छ । आजको दिनले **समतामूलक** समाज मार्फत् लैगिक न्याय प्राप्ति र आर्थिक सशक्तीकरण मार्फत् **सृजनात्मक प्रविधिमा महिला पहुँचको विस्तार भै समृद्ध प्रदेश र सुखी नागरिक** निर्माणको अभियानमा एकिकृत हुन सबैलाई प्रेरणा प्राप्त होस् भन्ने हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद !

२०७९ फागुन २४ गते, बुधवार

(खगराज अधिकारी)
मुख्यमन्त्री